का.जि.प्र.का.द.नं. १००/०५९/६०

३ चैत २०७८,
बिहीबार
17 March 2022,
Thursday

मूल्य रु. ५/-

# मध्याह्न

राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २०, अंक ४० । पृष्ठ १२ | Madhyanha National Daily | www.madhyanhadaily.com



● आसन्न चुनाव

# ओलीले स्वीकारेको चुनौती

आगामी ३० बैशाखमा हुने स्थानीय तहको चुनावमा प्रमुख विपक्षी दल नेकपा एमालेले आफ्ना सामु अनेकन चुनौती देखेका छन् । अध्यक्ष केपी शर्मा ओलीका अनुसार, सत्ता गठबन्धन, सेटिङ, प्रतिनिधिसभा विघटनको बिफल प्रयास र नेताहरुको प्रवृति प्रमुख चुनौती हो ।

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २ चैत ।

प्रमुख विपक्षी नेकपा एमाले आसन्न स्थानीय तहको चुनावमा केन्द्रीत भएको छ । बुधबार संसदीय दलको बैठक राखेर अध्यक्ष एवं संसदीय दलको नेता केपी शर्मा ओलीले आसन्न चुनावमा पार्टीका चुनौतीहरु के हुन् भन्ने ब्याख्या गरे र चुनौतीहरु चिर्नेगरी गाउँ केन्द्रीत हुन संघीय सांसदहरुलाई निर्देशित गरे ।

संघीय संसद भवन नयाँ बानेश्वरमा बसेको संसदीय दलको बैठकमा अध्यक्ष ओलीले सम्बोधन गर्दा पार्टीका सामू चुनौतीहरु मात्रै नरहेर अवसर समेत रहेको भनी उत्साह भर्न खोजे । तर, त्यो उत्साह चुनावपछि कस्तो परिणाम आउँछ भन्ने विषय संघीय सांसदहरुमा भर पर्ने उनको विश्लेषण छ ।

### सत्ता गठबन्धन

एमाले अध्यक्ष ओलीले देखेको पहिलो चुनौती हो- सत्तागठबन्धन । संघ र प्रदेशको चुनावमा मिलेर सरकार चलाइरहेका नेपाली कांग्रेस, नेकपा माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादी र जनता समाजवादी पार्टी (जसपा) को सत्तागठबन्धनलाइ ओलीले मुख्य चुनौती देखेका छन् ।

सत्ता गठबन्धनलाई मुख्य चुनौतीमा रुपमा लिँदै ओलीले गठबन्धनको भण्डाफोर गर्न संघीय सांसदहरुलाई भनेका छन् । सत्ता गठबन्धन दिगो नहुने भनेर जनतालाई बुझाउन ओलीको सुझाव छ । चार दलको उदेश्य चारथरी रहेको, बिचार चार थरी रहेको र हिडेको बाटो पनि चार थरी रहेको भन्दै उनले यो कुरा जनतालाई भनेर गठबन्धन दिगो नहुने भनी जनतालाई बुझाउनुपर्ने बताएका छन् ।

### प्रतिनिधिसभा विघटन

ओली नेतृत्वको अघिल्लो सरकारले दुई पटकसम्म प्रतिनिधिसभा विघटनको प्रयास गरेको थियो । तर, सर्वोच्च अदालतले दुबै पटक प्रतिनिधिसभा विघटनलाई बदर गरिदिएपछि ओली सरकारबाटै बाहिरिन पुगे ।

यसकारण एमालेले गलत गरेको थियो कि भन्ने जनतालाई परेको हुन सक्ने भन्दै ओलीले वास्तविकता बुझाउन संघीय सांसदहरुलाई भनेका छन् ।

प्रतिनिधिसभा पुनस्थापना भएपछि मुलुक थप अस्थिरतातर्फ गएको, सर्वोच्च अदालत अदालतजस्तो नभएको, संसद संसद जस्तो नभएको र सरकार सरकारजस्तो हुन नसकेको भनी जनतालाई बुझाउन सके मात्रै चुनावी परिणाम एमालेको पक्षमा आउने ओलीको विश्लेषण छ । अन्यथा चुनावमा एमालेले हार बेर्होन सक्ने भन्दै उनको विश्लेषण छ ।

### सेटिङको डर

स्थानीय तहको चुनावमा सरकारले गर्न सक्ने सेटिङलाई पनि चुनौतीको रुपमा रहेको एमालेको विश्लेषण छ । तर, त्यो सेटिङ कस्तो हुन सक्छ भन्नेमा एमालेले प्रष्ट केही भनेको छैन् । तर, अध्यक्ष ओलीले संसदीय दलको बैठकमा भनेका छन्, 'सरकार षडयन्त्रका लागि जुनसुकै सेटिङमा लाग्न सक्छ ।' त्यो सेटिङ अदालती सेटिङदेखि लिएर सबै हुन सक्ने उनको भनाइ छ ।

अमेरिकालाई व्याख्यात्मक घोषणा भनेर एमसीसीमा सरकारले छकाउको भन्दै उनले सरकारले जनता – बाँकी पृष्ठ २ मा

# गठबन्धनप्रति 'प्रचण्ड' भय

ओलीलाई खलनायकसम्म भनेका प्रचण्डले एमालेसँग गठबन्धन नै हुन्न भनेर प्रष्ट चाहीँ भनेका छैनन् ।

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, २ चैत ।

नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' ले एक्लै चुनाव लड्न परे पनि तयार रहन नेता/कार्यकर्तालाई निर्देशित गरेका छन् । सत्ता गठबन्धन चुनावसँगै रहने वा नरहने भन्ने संशय रहेका बेला प्रचण्डले नै एक्लै परे पनि चुनाव लड्न तयार रहनुपर्ने बताएका हुन् ।

प्रचण्डले बुधबार काठमाडौंमा प्रशिक्षाणत्मक कार्यक्रम राखेका थिए । उक्त कार्यक्रमलाई सम्बोधन गर्दै उनले गठबन्धनप्रति भय रहेको प्रष्ट संकेत गरे । गठबन्धनका लागि कांग्रेस तयार नभएर विकल्प सोच्नुपर्ने र नेतृत्वका समय अनुसार विकल्प सोच्ने पनि उनले बताएका छन् । अर्थात्, बामपन्थीहरुको गठबन्धन हुन सक्ने उनको आँकलन छ ।

सत्ता गठबन्धन नरहन पनि सक्ने भन्दै उनले त्यसो हुँदा नेकपा एकीकृत समाजवादी र जनता समाजवादी पार्टी (जसपा) बीच गठबन्धन हुने बताए । एमालेतर्फ संकेत गर्दै उनले एमालेको मूल



नेतृत्वसँग गठबन्धन गर्न अप्ठ्यारो रहेको तर, कार्यकर्ताहरु बामपन्थीहरु एक हुनुपर्छ भन्नेमै रहेको बताए । अर्थात्, एमालेसँग पनि गठबन्धन हुन सक्ने उनको भनाइ छ ।

तथापि, कार्यक्रममा प्रचण्डले ओलीको निकै आलोचना गरेका छन् । ओलीलाई खलनायकसम्म भनेका प्रचण्डले एमालेसँग गठबन्धन नै हुन्न भनेर प्रष्ट चाहीँ भनेका छैनन् । पछिल्लो समय नेपाली कांग्रेसभित्र गठबन्धन गर्न नहुने मत प्रकट भइरहेको छ । नेपाली कांग्रेसका नेता मिनेन्द्र रिजालले गठबन्धन गरे पनि कार्यकर्ताले एक अर्को दलमा भोट नहाल्न सक्ने भन्दै गठबन्धन गन नहुने भनी सामाजिक संजालमै लेखेका छन् ।

उता कांग्रेसभित्रको गठबन्धनबारे फरक धारणतर्फ संकेत गर्दै माओवादी नेता बर्षमान पुनले एमालेसंग गठबन्धन हुन सक्ने अभिव्यक्ति दिएका छन् । बुधबार लुम्बिनीमा सम्पन्न कार्यक्रममा नेता पुनले एमालेसँगको सहकार्यको ढोका बन्द नरहेको बताएका थिए । यता काठमाडौंमै अध्यक्ष प्रचण्डले पनि वर्तमान सत्तागठबन्धनप्रति भय प्रकट गरेका हुन् ।

# भिजिट भिसाका दलालहरुलाई दुबईबाट घिसारेर लगिनेछ : मन्त्री श्रेष्ठ

**मध्यान्ह संवाददाता**
अबुधावी, २ चैत

श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री कृष्णकुमार श्रेष्ठ (किसान)ले यूएईलगायतका मुलुकमा लुकेर ठगी तथा मानव तस्करीको धन्दा चलाउने नेपालीहरूलाई अन्तर्राष्ट्रिय प्रहरी संगठन (इन्टरपोल)को सहयोगमा पक्राउ गर्ने बताएका छन् । मंगलबार यूएईको आबुधावीस्थित नेपाली दूतावासद्वारा आयोजित कार्यक्रममा मन्त्री श्रेष्ठले उक्त चेतावनी दिएका हुन् ।

मन्त्री श्रेष्ठले भने, 'नक्कली मागपत्र बनाउने, रोजगारीको झुटो आश्वासन दिई नेपालीलाई यूएई ल्याउने दलालहरुले दुबईमा सुरिक्षत हुन्छु भन्ने नसोच्नुहोला, केही दिनभित्रमा घिसारेर नेपाल लैजान्छु ।'

वैदेशिक रोजगारले मुलुकको अर्थतन्त्रमा उल्लेख्य योगदान दिएको भएपनि यो क्षेत्र सुरक्षित र व्यवस्थित नभएको भन्दै मन्त्री श्रेष्ठले वैदेशिक रोजगारलाई सुरक्षित बनाउने अभियान अघि बढाइएको बताए । उनले 'गैरकानुनी काम गर्ने नेपालीहरू विदेशी भूमिमा पनि जोगिदैनन् । नेपाली नागरिकलाई यूएईमा अलपत्र पार्ने संस्था वा व्यक्तिलाई कारबाहीको दायरामा ल्याउन र पीडितलाई कसरी न्याय दिलाउन सकिन्छ भन्नेबारे सुझाव लिइरहेको छु ।' मन्त्री श्रेष्ठले नेपाली समुदायबाट पनि त्यस विषयमा सुझाव लिएका छन् ।

नेपालीलाई आकर्षक रोजगारको प्रलोभन दिएर यूएईलगायत खाडीका मुलुकमा अलपत्र पार्ने संस्था वा व्यक्तिलाई कारबाहीको दायरामा ल्याउन सजिलो होस् भनेर आफ्नो भ्रमण टोलीमा नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान व्यूरोका डिएसपीलाई पनि सहभागी गराएको बताउदै मन्त्री श्रेष्ठले अलपत्र परेका नेपालीहरुको समस्या समाधानमा सहयोग गर्न आफूले यूएई सरकारसँग पनि आग्रह गरेको बताए ।

मन्त्री श्रेष्ठले भने, 'विभिन्न कारणले अलपत्र परेका नेपालीहरुलाई यूएईमै रोजगारीको अवसर प्रदान गर्ने, भिसा अवधि सकिएर अत्याधिक मात्रामा जरिवाना तिर्न वा गैरकानुनीरुपमा बस्नुपर्ने बाध्यता भएकाहरुलाई आममाफी दिने तथा उद्धार गर्नुपर्नेहरुलाई नेपाल फिर्ता गर्न यूएई सरकारसँग सहयोगको आग्रह गरिएको छ ।'

कार्यक्रममा मन्त्रालयका सचिव एकनारायण अर्याल, यूएईका लागि नेपाली राजदूत कृष्णप्रसाद ढकाल, श्रम मन्त्रालय तथा दूतावासका कर्मचारीसहित नेपाली संघ-संस्थाका प्रतिनिधि, गैरआवासीय नेपाली संघका प्रतिनिधि र श्रमिकहरुको सहभागिता रहेको थियो । कार्यक्रममा सहभागीहरुले नेपाली श्रमिकहरुले यूएईमा भोगेको समस्याबारे मन्त्री श्रेष्ठलाई जानकारी गराएका थिए ।

त्यसअघि मन्त्री श्रेष्ठले यूएईका मानव संशाधन मन्त्री डा. अव्दुलरहमान अव्दुलमानन अल अवारसँग भेटवार्ता गरी दुई देशको आपसी सम्बन्ध र यूएईमा कार्यरत नेपाली श्रमिकको हितका विषयमा छलफल भएको थियो । मन्त्री श्रेष्ठले यूएई सरकारले हालै जारी गरेको श्रम कानुन आप्रवासी श्रमिकको पक्षमा रहेको भन्दै यूएई सरकारको प्रशंसा गरे । मन्त्री अवारले यूएई सरकारले नेपालमा सीप विकास तालिम केन्द्र स्थापना र क्षमता वृद्धिमा लगानी गरी दक्ष जनशक्ति उत्पादनमा सहयोग गर्ने प्रतिवद्धता जनाउँदै नेपालले स्थापना – बाँकी पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

## ठगी र किर्ते गरेको अभियोगमा १२ जना पक्राउ

**काठमाडौं/मस–** सहजरूपमा छिटो विद्युतीय राहदानी बनाइदिने भन्दै ठगी र सरकारी छाप किर्ते गरेको आरोपमा प्रहरीले १२ जनालाई पक्राउ गरेको छ । राहदानी विभाग त्रिपुरेश्वरमा छिटो काम गरिदिने भन्दै अनुचित तरिकाले रकम लिइरहेको सूचना पाएको भन्दै महानगरीय प्रहरी परिसर टेकुले बुधबार उनीहरुलाई पक्राउ गरेको हो ।

पक्राउ पर्नेमा रामेछापका रिठे मगर, पाल्पाका जीवनकुमार श्रेष्ठ, रोल्पाको माडीका अमृत थापा र प्रज्वल खड्का, रमेश बजगाइँ, काभ्रेका सन्दीप मैनाली, बाग्लुङका रञ्जित कार्की, म्याग्दीका – बाँकी पृष्ठ २ मा

फागु पर्व सभ्य रूपमा मनाऔं ।

- आपसी सहमतिमा उल्लासपूर्वक फागुपर्व मनाऔं,
- जबरजस्ती लोला हान्ने, पानी छ्याप्ने तथा रंग दल्ने काम नगरौं,
- सामाजिक तथा सांस्कृतिक मर्यादा र शिष्टाचारको पालना गरौं,
- हानिकारक र रसायनयुक्त रङ्गको प्रयोग नगरौं,
- मदिरा तथा लागु पदार्थको सेवन नगरौं,
- गैरकानूनी तथा उच्छृङ्खल व्यवहार नगरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# बलात्कारी बच्ने समाज !

बलात्कार पछि हत्याका घटनामा संलग्न दोषी फेला नपर्नु र आरोपितमाथि समेत आवश्यक कानुनी कार्बाही नहुनु राष्ट्रिय लज्जाको विषय बन्न पुगेको छ ।

**कान्ति न्यौपाने/मध्यान्ह**
काठमाडौं, २ चैत ।

गत आइतबार मोरङको सुन्दरहरैचानगरपालिका-७ मा घरमा खेलिरहेकी डेढ वर्षे बालिका अचानक गायब हुन्छिन्, केही समयमै उनको शव भेटिन्छ । बेलुका साढे ५ बजेतिर घरबाट हराएकी ती नाबालिका साढे ६ बजे घर नजिकै झाडीमा अचेत अवस्थामा फेला परेकी थिइन् । उनलाई तत्काल उद्धार गरी उपचारका लागि नोबेल अस्पताल लगियो । उपचारमा क्रममा राति साढे १२ बजेतिर उनको मृत्यु भएको थियो ।

उनको शव भेटेपछि परिवार, समाज र केही महिला संघ संगठनले विरोध पनि गर्छन् । तर, बलात्कार गरी हत्याको आरोपित स्थानीय २५ वर्षीय अजय चौधरी र २८ वर्षीय मिथुन चौधरी पक्राऊमै सीमित हुन्छ । प्रहरीले पक्राउ गर्छ अनि मुद्दा बन्द ।

गत वर्ष महोत्तरी नाबालक शिशुलाई बलात्कार पछि हत्या गर्नेलाई पनि अपराध पुष्टि भएपछि अन्य कडा कारवाही गर्ने नियमन हुँदा दिनहुँ चेलीबेटी असुरक्षित भएको महिला अभियन्ता सावित्री सुवेदी बताउँछिन् । मैले त पहिलेबाटै बलात्कारीलाई फाँसी हुनुपर्छ भन्ने माग राख्दै आएको छ, यति निर्मम घटना हुँदा पनि सरकार मौन छ, कडा कानून बनाउनुको विकल्प छैन, अभियान्ता सुवेदी बताउँछिन् ।

महिलावादी लेखिका सरिता तिवारी पनि मौजुदा कानूनलाई संशोधन गरेर कडा सजायको व्यवस्थागर्नुपर्ने बताउँछिन् । १८ महिनाको बच्चालाई योनी शिकार गरेर मार्न सक्नेलाई यति सामान्य दण्डले पुग्दैन, कानून संशोधन गरेर कडा कानून बनाउनुपर्छ, अनि केहीहदसम्म बलात्कार नियन्त्रण हुन सक्दछ, महिलावादी लेखिका तिवारीले भनिन् । उनले पितृसत्तात्मक सोचाइँ परिवर्तन नहुँदासम्म यस्ता घटना झनै बढ्ने बताएकी छिन् ।

नेपालप्रहरीका अनुसार गएको वर्ष नेपालमा २१ सय ४४ वटा बलात्कारका र ६ सय ८७ वटा बलात्कारको उद्योग घटना दर्ता भएकोमा यो वर्ष झन् बढेको देखिन्छ । जसमध्ये अधिकांश पीडित नाबालिग रहेको तथ्याङ्कले बताउँछ ।

कन्चनपुरकी १३ वर्षिया किशोरी निर्मला पन्तको बलात्कार र हत्या भएको २ वर्षपछि बझाङकी १२ वर्षिया सम्झनाकामीको बलात्कारपछि हत्याको घटना सार्वजनिक भयो । तर, घटनाका दोषीहरूलाई अहिलेसम्म – बाँकी पृष्ठ २ मा

# साना दलले पाए चुनाव चिन्ह

**दीपेन्द्र श्रेष्ठ/मध्यान्ह**
काठमाडौं, २ चैत ।

निर्वाचन आयोगले साना दलहरुलाई स्थानीय तहको निर्वाचनमा आफ्नै चुनाव चिह्न प्रदान गर्ने भएको छ । आयोगको बुधबार बसेको बैठकले राष्ट्रिय दलको मान्यता नपाएका दलहरुलाई सशर्त दलीय चुनाव चिह्न दिने निर्णय गरेको हो ।

आयोगको निर्णय अनुसार, अब राष्ट्रिय मान्यता नपाएका दलहरुले जिल्ला स्तरको संगठनात्मक संरचनाको विवरण केन्द्रीय पदाधिकारीबाट प्रमाणित गरी आयोगलाई पठाउनु पर्नेछ । तर आयोगले मागेको विवरणहरु नबुझाउने दलका उम्मेदवारलाई भने स्वतन्त्र उम्मेदवारलाई प्रदान गरिने चुनाव चिह्न नै प्रदान गरिने आयोगले जनाएको छ ।

स्थानीय तह निर्वाचन ऐनको दफा २६ मा राष्ट्रिय मान्यता प्राप्त दललाई मात्र दलीय चुनाव चिन्ह दिने व्यवस्था छ, र राजनीतिक दल सम्बन्धी ऐनको दफा ५२ मा प्रतिनिधिसभामा समानुपातिकतर्फ ३ प्रतिशत र प्रत्यक्षतर्फ कम्तीमा एक सिट जित्ने दललाई मात्र राष्ट्रिय दलको मान्यता दिने व्यवस्था छ ।

यसअनुसार, ३० वैशाखमा हुने स्थानीय तहको निर्वाचनमा नेकपा एमाले, नेपाली कांग्रेस, माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादी, जनता समाजवादी पार्टी र लोकतान्त्रिक समाजवादी पार्टीले मात्र दलीय चुनाव चिन्ह पाउने अवस्था छ । अन्य ७३ दलका उम्मेदवारले स्वतन्त्र उम्मेदवारको चुनाव चिह्न लिनुपर्ने हुन्छ ।

तर साना दलहरुले आफ्नै चुनाव चिह्न पाउनुपर्ने माग गरेपछि आयोगले शर्तसहित चुनाव चिह्न प्रदान गर्ने निर्णय गरेको हो ।

मध्यान्ह
www.madhyanhadaily.com
३ चैत २०७८, बिहीबार
17 March 2022, Thursday

# हर्षोल्लासका साथ मनाइँदै होली पर्व

**दिपेन्द्र श्रेष्ठ/मध्यान्ह**
काठमाडौं, २ चैत

फागुन शुक्ल पूर्णिमाका दिन मनाइने फागु अर्थात् होली पर्व आज हिमाली एवं पहाडी जिल्लामा हर्षोल्लासका साथ मनाइँदैछ । वसन्त ऋतुको आगमनसँगै आपसी मेलमिलाप र सद्भावनाको सन्देश लिई आउने फागु पर्व आज परम्परागत रूपमा विभिन्न रङ र लोला खेली मनाउने परम्परा छ ।

यस पर्वका अवसरमा आज काठमाडौंको वसन्तपुरमा उपस्थित मानिसले वातावरणलाई नै रङ्गीचङ्गी तुल्याउँदै त्यहाँ गाडिएको चीरलाई विधिपूर्वक ढाली बाजागाजाका साथ टुँडिखेलमा लगी जलाउँछन् ।

उक्त चीरमा राखिएका ध्वजापताका औषधोपचारको काममा आउने विश्वासका साथ लुँछाचुँडी गरी लिने र अनिष्ट टर्छ भनी चीरको खरानीको टीका लगाइन्छ ।

फागुन शुक्ल अष्टमीका दिन वसन्तपुरस्थित गद्दी बैठकअगाडि मैलको रुखलाई रङ्गीचङ्गी ध्वजापताकासाथ सिँगारी गाडिएको चीरमा पूजाआजा गरेपछि फागु शुरु हुन्छ ।

आजै राति टुँडिखेलमा 'गुरुमापा' नामक राक्षसलाई इटुम्बहालदेखि कहीँ पनि नबिसाई ल्याइएको दश पाथी चामलको भात र एउटा राँगाको मासु खुवाई सैनिक अस्पतालभित्र रहेको 'जधु' नामक धारामा चुठाउने चलन छ ।

त्रेता युगमा दैत्यराज हीरण्यकश्यपुले विष्णुभक्त आफ्ना पुत्र प्रह्लादलाई मार्ने उद्देश्यले ब्रह्माबाट आगोले छुन नसक्ने वरदान पाएकी आफ्नी बहिनी होलिकालाई प्रह्लादका साथ दन्किरहेको आगोमा पस्न लगाउँदा होलिका आफैँ भष्म भएकी तर भक्त प्रह्लादलाई आगोले छुन नसकेको कथा यो पर्वसँग जोडिएको छ । त्यसै बेलादेखि शक्तिको दुरुपयोग गर्ने पापी प्रवृत्तिकी प्रतीक बनेकी होलिका मारिएको उपलक्ष्यमा होली खेल्ने परम्परा चलेको मानिन्छ ।

यसैगरी द्वापरयुगमा श्रीकृष्ण भगवान्लाई मार्न कंशद्वारा पठाइएकी राक्षसनी पुतनाले आफ्नो विष दलिएको स्तन चुसाउन लाग्दा असफल भई मारिइन् ।

निजलाई व्रजवासीले जलाई फागु महोत्सव मनाउने परम्परा चलेको पनि धर्मग्रन्थमा उल्लेख गरिएको छ । राम्रो तरिकाले तयार पारिएका रङ र अबिरले छालाको रोग निवारण गर्ने भएकाले यस्ता रङको प्रयोग गरी फागु खेल्नाले शीतकालमा शरीरमा उत्पन्न कफको विनाश हुन्छ । बालिएको चीरको धुवाँबाट शीतकालका अनेकौं रोगका कीटाणु निर्मूल हुने हुनाले यो पर्वको आयुर्वेदिक महत्व पनि छ ।



### काठमाडौंमा होली

फागुन शुक्ल अष्टमीको दिन काठमाडौंको वसन्तपुर दरबार अगाडि विभिन्न ध्वाजाले सजाइएको चीर गाडेपछि होली सुरू भएको मानिन्छ फागु पूर्णिमाको राति उक्त चीर ढालेर जलाएपछि होली समाप्त हुन्छ ।

भक्तपुरको तचपालस्थित दत्तात्रय मन्दिर अगाडी रहेको भीमशेन मन्दिर अगाडी फागुन शुक्ल अष्टमीदेखि पुर्णिमासम्म भीमशेनको लिंग र द्रौपदीको योनीको प्रतिकात्मक रुपमा काठले बनेको लिंग र कपडामा योनी बनाई राखिन्छ । पूर्णिमामा यौन समागमका फागुको गीत गाइन्छ । संस्कृतीविद् ओम धौभडेल यसलाई यौन शिक्षाको रुपमा व्याख्या गर्छन् । उनले ती गीतहरु लोपहुने अवस्थामा रहेको बताए । यस्तै अवस्था रहने हो भने यो संस्कृती एक दिन मासिने बताउँछन् । पूर्णिमाको दिन लिंगलाई ब्रम्हायणी नदीमा लागि स्नान गराई लिंगलाई पुनः मन्दिरमा लगिन्छ र भक्तपुरमा होली सकिन्छ ।

### इच्छा विपरित फागु दल्नेलाई कारबाही

होली पर्वलाई लक्षित गरेर महानगरीय प्रहरी परिसर टेकुले विशेष सुरक्षा योजना बनाएको छ ।

होलीमा उच्छृङ्खल गतिविधि हुनसक्ने भएकाले सामान्य अवस्थाभन्दा बढी प्रहरी परिचालन गर्ने गरी योजना बनाइएको एसपी दिनेशराज मैनालीले बताए ।

होलीमा कम्तिमा १३ ठाउँ विशेष कार्यक्रम हुँदैछन् । त्यसलाई लक्षित गरेर एक हजार ६४९ जना प्रहरी जनशक्ति खटिनेछन् । उनका अनुसार २५ वटा मोबाइल टोली, ३७ पैदल गस्ती, ८७ क्वीक रेस्पोन्स टिम र २८ स्थानमा चेकिङ उनले बताए ।

प्रहरीले गत वर्ष कोरोना महामारीका कारण भिड जम्मा गरेर होली खेल्न रोक लगाएको थियो । कारबाही हुने एसपी मैनालीले बताए । उनका अनुसार कसैलाई फोहोर पानी वा केमिकलसहितको रंग छ्यापेको पाइए पनि पक्राउ गरेर कारबाही गरिनेछ ।

### मापसे चेकिङमा कडाई

काठमाडौं उपत्यकालगायत पहाडी जिल्लामा मनाइने होलीलाई दुर्घटनारहित बनाउन ट्राफिक प्रहरी परिचालन बढाइएको छ । काठमाडौं उपत्यकाभित्रका तीन जिल्लामा १ हजार ३ सय ट्राफिक प्रहरी परिचालन गर्ने योजना महानगरीय ट्राफिक प्रहरी महाशाखाले बनाएको छ । होलीका समयमा ट्राफिक नियम उल्लंघन गरेर सवारी चलाउने र दुर्घटनाको जोखिम बढी हुने भएकाले बिहानैदेखि बाक्लो संख्यामा ट्राफिक प्रहरी परिचालन गर्न लागिएको महानगरीय ट्राफिक प्रहरी महाशाखाका एसपी सञ्जीव शर्मा दासले बताए । महाशाखाले ६८ ठाउँमा चेक प्वाइन्ट राख्ने भएको छ ।

### भोली तराईमा होली

शुक्रबार तराईका जिल्लामा होली पर्व मनाइँदै छ । होलीको अघिल्लो दिन चामलको पिठोमा घिउ हालेर पुवा पकाएर प्याजको कचहरी बनाएर खाने प्रचलन रहेको छ ।

भोलिपल्ट समूह समूहबीच स्वइच्छाले रंग अविर खेलेर दरवाजा दरवाजामा गएर जोगिरा खेल्ने र अन्तिममा गाउँको कुलदेवता(डिहवार)मा अविर चढाएर होली समापन हुन्छ ।

तराईमा जसको दरवाजामा होली खेलिन्छ त्यस दरवाजावालाले होली खेल्ने र जोगीरा गाउँने सम्पूर्णलाई पुवा, बदाम, सुपारी खुवाउने प्रचलन रहिआएको छ ।

# वडाबाटै राष्ट्रिय परिचयपत्र विवरण

**प्रकाश अधिकारी/मध्यान्ह**
दमौली, २ चैत



तनहुँ शुक्लागण्डकी नगरपालिकाले वडाबाटै राष्ट्रिय परिचयपत्र विवरण दर्ता शुरु गरेको छ ।

सर्वसाधारण नागरिकको सहजताका लागि स्थानीय तहका वडाबाटै दर्ता थालिएको हो । यसअघि जिल्ला प्रशासन कार्यालयबाट मात्रै परिचयका लागि विवरण दर्ताको काम हुँदै आएको थियो । त्यस्तै व्यास नगरपालिकाले पनि वडाबाटै दर्ता सम्पन्न गरिसकेको छ ।

शुक्लागण्डकीका १२ वटै वडामा विवरण दर्ताको काम थालिएको हो । शुक्लागण्डकी -१२ का वडाध्यक्ष मनराज गुरुङका अनुसार वडामा सात दिन यो अभियान सञ्चालन हुनेछ । प्रत्येक वडाका टोलमा विवरण दर्ताको काम गरिने उनले बताए ।

उनले भने, 'सर्वसाधारणको सहजताका लागि टोल टोलमा पुगेर विवरण दर्ताको काम सुरु गरेका छौँ । चैत ५ गतेसम्म अभियान सञ्चालन हुनेछ ।'

डिजिटल राहदानीका लागि राष्ट्रिय परिचयपत्र अनिवार्य गरिएपछि सबै स्थानीय तहमा विवरण दर्ताको तयारी थालिएको प्रशासनले जनाएको छ ।

हालसम्म जिल्लामा २३ हजारभन्दा बढीको विवरण दर्ता भएको छ । विवरण दर्ताका लागि प्रशासन कार्यालयमा दुईवटा स्टेशन स्थापना गरिएको छ । नागरिकता बनाउनेबित्तिकै परिचयपत्रका लागि विवरण दर्ता गर्ने व्यवस्था मिलाइएको छ । परिचयपत्रको विवरण बुझाउन अनलाइन पनि प्रयोग गर्न सकिन्छ । परिचयपत्रका लागि आवेदन बुझाउन अनलाइन प्रक्रिया पूरा गरी प्रशासन कार्यालयमा आफै उपस्थित हुनुपर्नेछ । तर अनलाइनबाट फारम भर्न सर्वसाधारणलाई गाह्रो हुँदै आएको छ ।

परिचयपत्रका लागि आवेदन फाराम भर्दा १६ वर्ष उमेर पुगेका र नेपाली नागरिकताको प्रमाणपत्र पाएका नागरिकले नाम, थर, जन्ममिति, लिंग, आमाबाबुको नाम, ठेगाना, नागरिकताको किसिम, पति र पत्नी नाम, बाजेको नाम उल्लेख गर्नुपर्छ । यस्तै फारममा औँलाछाप (१० वटा), आँखाको नानी, तस्वीर, राष्ट्रियता र हस्ताक्षर उपलब्ध गराउनुपर्छ ।

सरकारबाट नेपाली नागरिकलाई प्रदान गर्ने सेवा-सुविधालाई राष्ट्रिय परिचयपत्र प्रणालीमा आबद्ध गर्नाका साथै सो प्रणालीबाट प्राप्त हुने तथ्यांक तथा अभिलेख नीति एवं योजना निर्माणमा प्रयोग हुनेछ ।

यसले व्यक्तिको राष्ट्रिय पहिचानपत्र र मतदाता परिचयपत्रका रूपमा काम गर्ने सबै किसिमका सार्वजनिक सेवा प्राप्त गर्ने आधार दिनेछ । सामाजिक सुरक्षा कार्डका रूपमा यही कार्ड प्रयोग हुनेछ । यसले सुरक्षा व्यवस्थापनका लागि सहयोगी अभिलेखको काम गर्नेछ ।

अन्य सार्वजनिक सेवासँग राष्ट्रिय परिचयपत्र प्रणालीलाई आबद्ध गरेपछि सार्वजनिक सेवा प्रदायक निकायले झन्झटरहित, छोटो समय र कम लागतमा सेवा प्रदान गर्न सम्भव हुनेछ । राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागले जन्म, मृत्यु, बसाइँसराइ तथा अन्य कारणबाट व्यक्तिगत सूचनामा परिवर्तन भएमा सोहीअनुसारको अभिलेख व्यवस्थापन गर्ने प्रणालीको स्थापना तथा विकास गरेको छ । राष्ट्रिय परिचयपत्र नं र राष्ट्रिय परिचयपत्रलाई बहुउपयोगी प्रणालीका रूपमा सरकार र सरकारबीच (जिटुजी), सरकार र व्यवसायीबीच (जिटुबी) र सरकार र नागरिकबीच (जिटुसी) सेवा प्रदान गर्न उपयोग हुनेछ ।

# बढ्दै हृदयाघातका बिरामी

**काठमाडौं/मस-** नेपालमा पछिल्लो समय हृदयाघाटका बिरामीहरु बढ्न थालेका छन् ।

मानिसका जीवनशैलीमा आएको परिवर्तनले नेपालमा हृदयाघातका बिरामी बढिरहेका छन् । अस्वस्थ खानपान र जीवनशैलीमा आएको परिवर्तन रोगका कारक मानिएका छन् । दश वर्षको तथ्यांकलाई दृष्टिगत गर्दा हृदायघात हुनेको संख्यामा दोब्बर वृद्धि भएको छ ।

निष्क्रिय जीवनशैली, चिन्ता, युवावस्थामा नै चुरोट, सुर्ती तथा खैनी सेवन र चिल्लो- बोसो खानाले हृदयाघातका बिरामी बढिरहेको सहिद गंगालाल हृदय राष्ट्रिय केन्द्रका निर्देशक डा.चन्द्रमणि अधिकारी बताउँछन् ।

घरभन्दा बाहिरको अस्वस्थ खानपान गर्नाले पनि हृदयाघातका बिरामी बढिरहेको चिकित्सकले बताएका छन् । केन्द्रमा सन् २०१२ मा ४९५ जनामा हृदयाघात भएकामा ६ वर्षपछि २०१८ मा तीन गुणा बढेर एक हजार ४६० जना पीडित भएका थिए । उनका अनुसार २०२० मा एक हजार ६९८ र सन् २०२१ मा दुई हजार २७३ जना सो रोगका कारण अस्पतालमा भर्ना भएका छन् ।

डा.अधिकारीले २०२१ मा अस्पताल भर्ना भएका बिरामीमध्ये प्रायः हृदयाघात भएका हुन् । हृदयाघातका बिरामी बढे पनि सन् २०२० मा कोरोना भाइरसका कारणले अस्पतालमा मुटु रोगका कम बिरामी आएका थिए ।

अस्पतालमा दैनिक चार जना हृदयाघात आउने गरेका छन् । वरिष्ठ मुटु रोग विशेषज्ञ डा.भगवान् कोइराला पनि अस्वस्थ खानपान, तनाव, बाहिरी प्रदूषण र वंशाणुगत कारणले गर्दा मुटुको नली चाँडै बन्द भएर हृदयाघात हुने गरेको बताउँछन् ।

उनका अनुसार मुटु जन्मजात बिग्रेर आउने, बिग्रेर आउनेबाट बचेको, घाँटीको दुख्ने रोगबाट शुरु भई पछि मुटुको भल्भ बिग्रने रोग (बाथज्वरजन्य रोग) जस्ता कारणले मुटुका बिरामी हुने गरेका छन् ।

चुरोट सेवन गर्ने, मधुमेह, कोलेस्टेरोल र उच्च रक्तचाप भएका मानिसमा हृदयाघात बढी हुन्छ । तीमध्ये चुरोट पिउने मानिसमा हृदयाघात हुने सम्भावना बढी हुने गरेको निर्देशक डा.अधिकारी बताउँछन् ।

अहिले युवावस्थामा नै चुरोट सेवन गरेको पाइन्छ । उनका अनुसार हृदयाघात भएकामध्ये ६५ प्रतिशत चुरोट सेवन गर्नेहरू हुन्छन् । तीमध्ये ४० वर्ष उमेर समूहका व्यक्ति धेरै छन् ।

डा.कोइराला पनि हृदयाघात ६० वर्षमाथिकामा हुने गरे तापनि चुरोट खाने व्यक्तिमा भने ४० वर्षमुनि पनि हुने गरेको बताउँछन् ।

# संशोधित राष्ट्रिय प्रसारण नियमावली, २०७८ सच्याउन माग

काठमाडौं/मस-नेपालको सञ्चार क्षेत्रका जानकारहरुले हालैको 'संशोधित राष्ट्रिय प्रसारण नियमावली, २०७८ ले प्रेस तथा अभिव्यक्ति स्वतन्त्रतालाई नियन्त्रण गर्न खोजेको आरोप लगाउँदै त्यसलाई सच्याउन माग गरेका छन् ।

नेपाल पत्रकार महासंघ डिजिटल तथा अनलाइन विभागको आयोजना र अनलाइन टिभी पत्रकार संघ नेपालको सहकार्यमा 'संशोधित राष्ट्रिय प्रसारण नियमावली, २०७८ माथिको छलफलमा उनीहरुले सरकारले कानून निर्माण गर्दा सरोकारवालासँगको सुझावसहित निर्माण गर्ने विगतको अभ्यासलाई निरन्तरता नदिइ यस पटक यो नियमावली ल्याइएकामा आपत्ति पनि प्रकट गरे ।

नेपाल पत्रकार महासंघका अध्यक्ष विपुल पोखेलले सरकारले निर्माणका क्रममा रहेका कतिपय ऐनले हालको समस्यालाई सम्बोधन गर्ने भए पनि सरकारले यो विवादास्पद नियमावली ल्याएको बताए ।

तर सूचना तथा प्रसारण विभागका महानिर्देशक गोगनबहादुर हमालले भने सरकारले ल्याएको संशोधित राष्ट्रिय प्रसारण नियमावली, २०७८ का केही प्रावधानले कतिपय अस्पष्टता गरेको भन्दै त्यसलाई निर्देशिकामार्फत स्पष्ट पारिने बताए ।

उनले यो नियमावली संसद्को विधायन समितिमा छलफल गरी मन्त्रिपरिषद्बाट जारी गरिएको भन्दै जनताको अभिव्यक्ति स्वतन्त्रतालाई नियन्त्रण गर्ने सरकारको नियत नरहेको बताए ।

प्रेस काउन्सिलका अध्यक्ष बालकृष्ण बस्नेतले नियमावलीमा देखिएका प्राविधिक समस्याहरुलाई सरोकारवालासँगको छलफल र सुझावका आधारमा सच्याउनुपर्ने धारणा राखे ।

### आसन्न...

र एमलेलाई पनि छकाउन सक्ने बताए । १५ फागुन २०७८ मा अमेरिकी सहयोग सम्बन्धी परियोजना एमसीसी सम्झौता प्रतिनिधिसभाबाट अनुमादोन गर्दा सरकारले एकतर्फी रुपमा ब्याख्यात्मक घोषणा पारित गरेको थियो । एमाले अध्यक्ष ओलीले यसैतर्फ केन्द्रीत गरेका हुन् ।

चुनावमा जाँदा भलाद्मी पल्टिने नेताहरुको प्रवृतिलाई पनि एमाले अध्यक्ष ओलीले चुनौतीमा रुपमा लिएका छन् । यही अनुसार ओलीले संघीय सांसदहरुलाई निर्देशित गरेका छन् ।

'चुनावका लागि गाउँ जाँदा भलाद्मी पल्टिने, नेता हुँ भन्ने होइन । जनतासंग कार्यकर्ताहरुसँगै जाने हो । खटिनुस् कार्यकर्तासंग संगै' ओलीले भनेका छन् ।

नेताहरुमा कत्तिको उत्साह छ भन्ने विषयले चुनावी प्रचारलाई प्रभाव पार्छ । यही बुझेर ओलीले एमाले एक्लैले ६० देखि ७० प्रतिशत स्थानीय तहमा चुनाव जित्ने आंकलन नेताहरुलाई सुनाएका छन् । तर, त्यसको आधार भने दिएका छैनन् ।

### बलात्कारी ...

पक्राउ गरी सजाय गरिएको छैन । नेपाल प्रहरीमा दर्ता हुने जबरजस्ती करणी (बलात्कार) सम्बन्धी मुद्दा मध्ये करिब ३४ प्रतिशत मुद्दा नाबालिगको भएको तथ्यांकले देखाउँछ । मुलुकी अपराध संहिता, २०७४ को दफा २१९ अनुसार 'कसैले कुनै महिलालाई मञ्जुरी नलिई करणी गरेमा वा मञ्जुरी लिएर भएपनि अठार वर्ष भन्दा कम उमेरको कुनै बालिकालाई करणी गरेमा जबरजस्ती करणी गरेको मानिनेछ ।

जबरजस्ती करणी गर्ने व्यक्तिलाई करणी गर्दाको परिस्थिति र महिलाको उमेर हेरी फरक प्रकृतिको कैद सजाय हुने व्यवस्था पनि गरिएको छ ।

उक्त प्रावधान अर्न्तगत दश वर्ष भन्दा कम उमेरकी बालिका, पूर्ण अशक्त, अपाङ्गता भएका वा सत्तरी वर्षभन्दा बढी उमेरका महिला भए जन्म कैद र दश वर्षभन्दा बढी चौध वर्ष भन्दा कम उमेरकी बालिकाभए अठार वर्षदेखि बीस वर्ष सम्म हुने प्रावधान रहेको छ । बलात्कार र हिंसा सम्बन्धीका छुट्टा-छुट्टै कानूनी प्रावधान भए पनि बलात्कारका घटना भने दिनहुँ बढिरहेका छन् ।

### भिजिट..

गर्न लागेको श्रमिक अस्पताल निर्माणमा पनि यूएई सरकारले सहयोग गर्ने आश्वासन दिएका छन् ।

मन्त्री अवारले लामो समयदेखि कार्यरत घरेलु महिला श्रमिकलाई पुनः श्रम स्वीकृति खुला गर्ने नेपाल सरकारको निर्णयले यूएईमा रहेका घरेलु महिला श्रमिकहरु लाभान्वित हुने भनाइ राखेका थिए । मन्त्री श्रेष्ठले समकक्षी अवारलाई नेपाल भ्रमणको निम्तो दिएका छन् ।

### ठगी...

रामजी परियार, ललितपुरका गोमा बजगाइँ, सिन्धुलीका अभिषेक मगर, दैलेखका निरञ्जन तिवारी र धादिङका मदन तामाङ छन् । उनीहरूले नक्कली सरकारी छाप बनाएर प्रहरी चारित्रिक प्रमाणपत्र, कोरोनाविरुद्धको खोप लगाएको कार्ड र विद्युतीय राहदानी फारम किर्ते गरेको दाबी गरेको छ ।


**साउदीमा रोजगार** | कम्पनी : AAYEZ JAWI ALI AL NOFAIEE INDUSTRIAL FACTORY
शहर : RIYADH

पूर्व स्वीकृत मितिः २०७८/१२/०२ चलानी नं.: ६०१७६०७५ LT. No.: 259783

| सि. नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | न्यूनतम योग्यता | मासिक तलब: SR | मासिक तलब: ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Vehicle Driver | 9 | 0 | स. काममा दक्ष | 1800 | ५८,६६२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७८ चैत १० गते (24 March 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफु सद्रग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नुहोला ।

**FAZAL INTERNATIONAL PVT. LTD.**
Gov. Lic. No. 709/064/065
Sinamangal, Kathmandu Tel: 4481208, 4481209, Fax: 4481210


नेपाल सरकार
उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय

**कम्पनी रजिष्ट्रारको कार्यालयको हक दाबी गर्न आउने बारेको सूचना**

यस कार्यालयमा मिति २०६७/०१/१४ मा दर्ता भएको प्रा.लि.नं. ७२५३० को एन.पि. सर्जिकल सप्लायर्स प्रा. लि. नामक कम्पनीले दर्ता खारेज गरिपाउँ भनि कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसै सँग ऋण लिएको वा सो कम्पनीले कसै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दावीको लागि ३५ दिन भित्र यस कार्यालयमा दावी गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्याद भित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।

## Invitation for Bid

**Panchkhal Municipality**
**Office of Municipal Executives**
**Panchkhal, Kavrepalanchok**
**Bagmati Province, Nepal**
**Date of publication: 2078/12/03**

**Panchkhal Municipality invites electronic bids from Nepalese eligible bidders for the supply of goods under National Competitive Bidding procedures.**

| S.N. | IFB NO. | Description of work | Bid security amount (NRs) | Bid document fee (NRs) |
|---|---|---|---|---|
| 1 | PMUN/NCB/GOODS/02/ 2078/079 | Supply and Delivery of Mini Tiller at Panchkhal -5 | 35,000/- | 3,000/- |
| 2 | PMUN/NCB/GOODS/03/ 2078/079 | Supply and Delivery of Agricultural Machineries at Panchkhal-3 | 50,000/- | 3,000/- |
| 3 | PMUN/NCB/GOODS/04/ 2078/079 | Supply and Delivery of Agricultural Machineries at Various Ward of Panchkhal Municipality | 1,00,000/- | 3,000/- |

| Office code | Name of the bank, office account no | Last date for bid submission | Bid opening date | Bid/ Bid security Validity period (days) |
|---|---|---|---|---|
| 30-365-15 | Nepal Bank ltd., Panchkhal Branch 12403000001001000001 (ग१.१ पाँचखाल न. पा., आन्तरिक राजश्व खाता)(for bid fee) 12403000003000000001 (for bid security) धरौटी खाता | on or before 12:00 Noon on 2079/01/04 | 2078/01/04 at 1:00 PM, at the office of Panchkhal Municipality. | 90/120 |

Eligible Bidders may obtain further information at the office of *Panchkhal Municipality, Panchkhal, panchkhal.municipality@gmail.com,* may visit PPMO website www.bolpatra.gov.np/egp.

# राष्ट्रिय सुरक्षा र प्रतिरक्षालाई सुदृढ गर्दै लैजान आवश्यक



**काठमाडौं/मस–** प्रधानमन्त्री शेरबहादुर देउवाले राष्ट्रिय सुरक्षा नीतिको स्वीकृत कार्ययोजनालाई समयमै प्रभावकारी कार्यान्वयनमा ल्याई राष्ट्रिय सुरक्षा र प्रतिरक्षालाई सुदृढ गर्दै लैजान आवश्यक रहेको बताएका छन् ।

राष्ट्रिय सुरक्षा परिषद् सचिवालयको २१औं वार्षिकोत्सव समारोहमा प्रधानमन्त्री देउवाले राष्ट्रिय सुरक्षा र प्रतिरक्षाको प्रभावकारी कार्यान्वयनका लागि कार्ययोजना तयार गरी सम्बन्धित मन्त्रालय र निकायमा पठाइसकिएको जानकारी दिए ।

राष्ट्रिय सुरक्षा परिषद्का अध्यक्षसमेत रहेका उनले स्थापनाकालदेखि नै सचिवालयले मुलुकको आन्तरिक तथा बाह्य सुरक्षा चुनौतीको आकलन गरी वस्तुनिष्ठ मूल्यांकन र विश्लेषण गरी सम्बोधनका लागि सरकारलाई सुझाव दिँदैआएको बताए ।

प्रधानमन्त्री देउवाले मुलुकको समग्र राष्ट्रिय हित, सुरक्षा र प्रतिरक्षासम्बन्धी नीति तर्जुमा गर्न तथा नेपाली सेना परिचालन एवं नियन्त्रणका लागि सरकारलाई सिफारिस गर्ने दायित्व सुरक्षा परिषद्को रहेको पनि उनले उल्लेख गरे । सुरक्षाजस्तो महत्वपूर्ण र संवेदनशील विषयमा परिषद्ले जिम्मेवारी निष्ठापूर्वक सम्पादन गरेकामा प्रसन्नता व्यक्त गर्दै प्रधानमन्त्री देउवाले भने, 'सचिवालयले आफ्नो जिम्मेवारी अत्यन्त निष्ठा र इमान्दारीका साथ सम्पादन गरेको पाउँदा प्रसन्नता अनुभव भएको छ ।'

राष्ट्रिय सुरक्षाका दृष्टिले महत्वपूर्ण विषयको गहन अनुसन्धान गरी राष्ट्रिय सुरक्षाका सम्बन्धमा उचित राय सुझाव प्रदान गर्ने प्रमुख जिम्मेवारीका साथै प्रशासनिक भूमिका निर्वाह गर्दै सचिवालयले आगामी दिनमा थप प्रभावकारी कार्य सम्पादन गर्ने उनले विश्वास व्यक्त गरे ।

रक्षा मन्त्रालयका सचिव किरणराज शर्माले राष्ट्रिय सुरक्षा परिषद्ले मुलुकको आन्तरिक सुरक्षा र प्रतिरक्षा चुनौतीजस्ता विषयलाई उच्च प्राथमिकतामा राखेर काम गरिरहेको बताए । राष्ट्रिय सुरक्षा नीति, २०७५ सम्बन्धी तयार गरिएको मार्ग निर्देशन आजैका मितिदेखि लागू हुने सो अवसरमा जानकारी दिइएको थियो ।

सचिवालयले सम्बन्धित मन्त्रालय र निकायलाई कार्यसम्पादन गर्न स्पष्ट मार्ग निर्देशन गर्ने विश्वास व्यक्त गरेको छ । नेपालको संविधानको भाग २८ को धारा १६६ मा नेपालको समग्र राष्ट्रियहित, सुरक्षा र प्रतिरक्षासम्बन्धी नीति तर्जुमा गर्न तथा नेपाली सेनाको परिचालन वा नियन्त्रण गर्नका लागि मन्त्रिपरिषद्लाई सिफारिस गर्ने कार्यदेशका साथ राष्ट्रिय सुरक्षा परिषद्को व्यवस्था छ ।

प्रधानमन्त्रीको अध्यक्षतामा रहने सुरक्षा परिषद्मा रक्षा, गृह, परराष्ट्र र अर्थमन्त्री तथा मुख्यसचिव र नेपाली सेनाका प्रधानसेनापति सदस्य तथा रक्षा मन्त्रालयका सचिव सदस्य-सचिव रहने संवैधानिक व्यवस्था छ । नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता र स्वाधीनताको संरक्षण गर्दै राष्ट्रिय एकता अक्षुण राख्ने विभिन्न जात, जाति, भाषा, धर्म, संस्कृति र सम्प्रदायबीच पारस्परिक सद्भाव, सहिष्णुता र एक्यबद्धता कायम गर्ने सन्दर्भमा परिषद्को सल्लाह र सिफारिस महत्वपूर्ण हुने गरेको छ।

नेपालको राष्ट्रिय हित, सुरक्षा र प्रतिरक्षासम्बन्धी नीति तर्जुमा, सेनाको परिचालन वा नियन्त्रण, प्राप्त सूचनाको आधारमा अल्पकालीन, मध्यकालीन र दीर्घकालीन राष्ट्रिय सुरक्षा रणनीति तथा कार्ययोजना तयारी गरी सरकारलाई सिफारिस गर्ने परिषद्को मुख्य काम, कर्तव्य र अधिकार रहिआएको छ ।

पछिल्ला वर्षमा सुरक्षा चुनौतीको स्वरुप बदलिन गई राष्ट्रिय सुरक्षा बहुआयामिक र जटिल विषय बन्न पुगेसँगै परिषद्को जिम्मेवारी थप क्रियाशील र सशक्त बनाउन पर्ने आवाज उठ्दै आएको थियो । परिषद्को बैठक आवश्यकताअनुसार, अध्यक्षले तोकेअनुसार बस्ने र वार्षिक प्रतिवेदन राष्ट्रपतिसमक्ष पेश गर्ने प्रावधान छ । परिषद्को कार्यसम्पादनमा सहजीकरण गर्न र भएका निर्णयलाई कार्यान्वयनमा सहयोग पुऱ्याउन राष्ट्रिय सुरक्षा परिषद् सचिवालयले काम गर्दैआएको छ ।

सचिवालयले मुलुकको आन्तरिक सुरक्षा, प्रतिरक्षा नीतिलाई उच्च महत्व र प्राथमिकता राखी समसामयिक परिस्थितिको गहन अध्ययन, मूल्यांकन गर्दै शान्ति सुरक्षासम्बन्धी समस्या र चुनौतीको दैनिकरुपमा विश्लेषण गर्छ । विश्वका कयौं मुलुकमा समग्र राष्ट्रिय हित, सुरक्षा र प्रतिरक्षासम्बन्धी नीति तर्जुमा गर्न यस्तो परिषद्को व्यवस्था भएको पाइन्छ ।

# गद्दी बैठकमा तस्वीर प्रदर्शनी

**काठमाडौं/मस–** काठमाडौं हनुमानढोका दरबार संग्रहालय विकास समितिले गद्दी बैठकको तल्लो तलामा एकीकरणदेखि लोकतन्त्र स्थापनासम्मका तस्वीर प्रदर्शनी शुरु गरेको छ ।

गद्दी बैठकसँगै फोटोग्राफरहरू दीर्घमान चित्रकार, गणेशमान चित्रकार र किरणमान चित्रकारले खिच्नुभएका १०० वर्षभन्दा पुराना तस्वीर पनि प्रदर्शनीमा राखिने भएको छ । ऐतिहासिक तस्वीरहरुको प्रदर्शनी हेर्न दैनिक सयौं स्वदेशी एवं विदेशी पर्यटक हनुमानढोका दरबार क्षेत्रमा आउने गरेका छन् ।

यसअघि माघ दोस्रो साता सुरु गर्न लागिएको प्रदर्शनी कोरोना महामारीको तेस्रो लहर बढेपछि स्थगित गरिएको थियो । कोरोना महामारी कम भएपछि गत फागुन २७ गते शुक्रबारदेखि प्रदर्शनी सुरु गरिएको हनुमानढोका दरबार हेरचाह अड्डाका कार्यालय प्रमुख सन्दीप खनालले जानकारी दिए ।

प्रदर्शनीको उद्घाटन गर्नुहुँदै संस्कृति, पर्यटन तथा नागरिक उड्ययन मन्त्रालयका सचिव महेश्वर न्यौपानेले यस्ता गतिविधिले विदेशी एवं स्वदेशी पर्यटकलाई सम्पदास्थलमा आकर्षण गर्ने बताए ।

**Chaubise Rural Municipality**
**Office of The Rural Municipal Executive**
**Rajarani, Dhankuta**

**Invitation for Sealed Quotation**

**Issued Date : 2078/12/03 (2022/03/17)**

1. The Chaubise Rural Municipality, Dhankuta invites sealed quotations from Registered Suppliers for the procurement of Lubima Khola Trail Bridge (D Type) Nirman (Steel parts of Fabrication) from eligible national bidders for following works.

| SN | Contract Identification Number | Description of Works | Estimated Amount with VAT(NRs.) | Bid Security Amount (NRs.) | Bid Document Fee (NRs) | Remarks |
|---|---|---|---|---|---|---|
| 1. | CRM/DKT/SQ/14/078/79 | Lubima Khola Trail Bridge (D Type) Nirman (Steel parts of Fabrication) | 1856669.73 | 55000.00 | ·1000.00 | |

2 Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Chaubise Rural Municipality, Dhankuta, Phone No: 026-411032, 026-411033 or Email: chaubisegapa@gmail.com.
3. Bidder may download the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np./egp,. Bidders must submit their bid electronically along with company registration certificate, VAT/PAN registration certificate, VAT/Tax Clearance certificate of FY 2077/78, should deposit the cost(as stated in bullet no. 1) of bidding document in the Office's Antarik Rajaswa Khata (account) as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. **Information to deposit the cost of bidding document in Bank:**
**Name of the Bank: Nepal Bangladesh Bank Ltd., Rajarani, Dhankuta**
**Name of Office: Chaubise Rural Municipality, Rajarani, Dhankuta Office**
**Account no. (Antarik Rajaswa Khata): 0700001541**
4. Electronic bids must be submitted through PPMO website www.bolpatra.gov.np/egp before **12.00 P.M.** on **2078/12/18 (2022/04/01).** Bids received after this deadline will be rejected.
5. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at **2.00 P.M.** on **2078/12/18 (2022/04/01)** at the **Office of Rural Municipal Executive, Chaubise Rural Municipality, Dhankuta.** Bids must be valid for a period of 45 days after bid opening and must be accompanied by a bid security amount as stated above, which shall be valid for 30 days beyond the validity period of the bid, counted from the bid opening date. If bidder wishes to submit the Cash Security, the cash should be deposited in the name of **Chaubise Rural Municipality, Rajarani, Dhankuta** in Dharauti Account No: **0700000841 at Nepal Bangladesh Bank, Rajarani, Dhankuta** and submit the receipt of the deposited amount of cash along with the Sealed Quotation.
6. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
7. All the other condition of bidding process will be as per the public Procurement act 2063 and Public procurement regulation 2064
8. The Chaubise Rural Municipality, Dhankuta reserves the right to accept or reject, wholly or partly any or all the Sealed Quotations without assigning any reason, whatsoever.

**Chief Administrative Officer**

# रेलसम्बन्धी अध्यादेश निष्क्रिय



जनकपुर/मस-जयनगर-जनकपुरसम्म रेल सञ्चालनका लागि सरकारले ल्याएको रेलसम्बन्धी अध्यादेश निष्क्रिय भएको छ। अध्यादेश निष्क्रिय भएसँगै रेल सेवा उद्घाटन अनिश्चित बनेको छ ।

रेल सेवाको नेपालका प्रधानमन्त्री शेरबहादुर देउवा र भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले संयुक्त रुपमा भर्चुअल माध्यमबाट उद्घाटन गर्ने तयारी भइरहेका बेला रेलसम्बन्धी अध्यादेश प्रतिनिधिसभाबाट पारित नभएर निष्क्रिय बनेपछि उद्घाटन अन्यौलमा परेको हो ।

नेपाल रेल्वे कम्पनीका महाप्रबन्धक नीरञ्जन झाले अध्यादेश निष्क्रिय भएपछि रेल सेवा उद्घाटन र सञ्चालन गर्न कठिनाइ भएको बताए ।

प्रतिनिधिसभाको चालु अधिवेशन अन्त्य भएसँगै निष्क्रिय बनेको अध्यादेश पुनःल्याएर भए पनि रेल सञ्चालन गर्ने विषयमा कुराकानी भइरहेको उनको भनाइ छ। यद्यपि यस विषयमा ठोस् निर्णय भइनसकेको महाप्रबन्धक झाको कथन छ ।

भौतिक पूर्वाधार तथा यातायातमन्त्री रेणुकुमारी यादवले गत मङ्सिर १५ गते सरकारले खरिद गरेको रेल तत्काल सञ्चालन नगर्दा रेलको इञ्जिनमा समस्या आउने र रेलको संरचनामा थप हानीनोक्सानी हुनसक्ने भन्दै तत्काल रेलसम्बन्धी कानुन व्यवस्था गरी सञ्चालन गर्न कारणसहित अध्यादेश पेश गरेका थिए ।

त्यसबखत संघीय संसद्को अधिवेशन नभएको र रेलसम्बन्धी कानुन व्यवस्था गर्न आवश्यक भएकाले नेपालको संविधानको धारा ११४ को उपधारा (१) बमोजिम रेल्वे सम्बन्धमा व्यवस्था गर्न बनेको अध्यादेश २०७८ गत मङ्सिरमा जारी भएको थियो ।

सरकारले ल्याएको अध्यादेश संघीय संसद्को बसेको बैठकमा ६० दिनभित्र सदनमा पेश गरिसक्ने कानुनी प्रावधान रहेको छ। प्रतिपक्षी दलको निरन्तरको अवरोधका कारण सरकारले रेलसम्बन्धी अध्यादेश संसद्मा प्रस्तुत गर्न नसक्दा स्वतः निष्क्रिय भएको हो ।

**Invitation for Bids**

**Provincial Government**

**Lumbini Province**

**Ministry of Industry, commerce and supplies, Butwal**

**Invitation for Electronic Bids**

**First Date of publication: 2022/03/17**

1. The **Ministry of Industry Commerce and Supplies** invites electronic bids from eligible bidders for the procurement of following Goods under National Competitive bidding procedures specified in Public Procurement Act and Regulations.
2. Eligible Bidders may obtain further information and inspect the bidding documents at the office of Ministry of industry,commerce and commerce Butwal, info.moics@lumbini.gov.np 9847323519 or may visit e-GP system: www.bolpatra.gov.np/egp.

**Bidding Details**

| S. N. | Contract No. | Description of Work | Minimum Bid Security Amount NRs. | Price of Bid Document Nonrefundable NRs. |
|---|---|---|---|---|
| 1. | MOICS/01/NCB/G/078-079 | Supply and Delivery of 4WD Hardtop Jeep Full Option | 210000 | 3,000 |
| 2 | MOICS/02/NCB/G/078-079 | Supply and Delivery of 4WD Hardtop jeep semi option | 170000 | 3000 |
| 3 | MOICS/03/NCB/G/078-079 | Supply and Delivery of 4WD Double cap pick up | 120000 | 3000 |
| 4 | MOICS/04/NCB/G/078-079 | Supply and Delivery of Scooter | 5000 | 3,000 |
| 5 | MOICS/05/NCB/G/078-079 | Supply and Delivery of Motorcycle | 22000 | 3,000 |

| | |
|---|---|
| Last Date and Time for Bid Purchase and submission for S.N. 1 to 5 : 2022/04/17), within 12:00 pm | Date and Time for Bid Opening S.N. 1 to 5 : 2022/04/17 1:00 pm |

Bid Validity Period shall be 90 days and Bid Security Period shall be 30 days beyond Bid Validity Period. For further details of the Notice of Invitation for bids, interested bidders are requested to visit the notice board of Ministry of Industry,commerce and supplies Employment , Butwal or PPMO's Web Address: http://bolpatra.gov.np/egp.

**Secretary**

# आशा परियोजनाको कार्यसमीक्षा गोष्ठी सम्पन्न




**खडानन्द अधिकारी/मध्यान्ह**
कालिकोट, २ चैत ।

पहाडी साना किसानका लागि अनुकूलन आयोजना (आशा) समन्वय इकाई कालिकोटले आफ्नो पञ्च वर्षीय कार्यसमीक्षा गोष्ठी सम्पन्न गरेको छ। बुधबार एक कार्यक्रमकाबीच बिगत पाँच बर्षदेखि गरेको कामको समीक्षा गर्दै आगामी दिनमा अझै सुदृढ ढंगबाट अगाडि बढ्ने प्रतिबद्धता जनाएको छ ।

आशा परियोजनाले जिल्लाको तिलागुफा नगरपालिका, रास्कोट नगरपालिका, नरहरिनाथ, पलाँता, पचालझरना र शुभकालिका गाउँपालिकामा गरेका बिभन्न कार्यक्रमको प्रगति बिवरण प्रस्तुत गरेको थियो ।

कार्यक्रममा जिल्ला समन्वय समितिका प्रमुख अनिपाल शाहीले समुदायको विकासको लागि एउटै आयोजनाले मात्र काम गर्न नसक्ने र स्थानीय तहसँग समन्वय गरी काम गर्नुपर्ने बताए । यस्तै नेपाल पत्रकार महासंघ कालिकोटका सचिव खडानन्द अधिकारीले विकास निर्माणका परियोजनालाई निरन्तता दिदै कार्यक्रम छनोट गर्दा समानुपातिक प्रणाली अपनाउनुपर्ने बताए ।

कार्यक्रममा जिल्ला समन्वय समितिका प्रमुख शाही, प्रमुख जिल्ला अधिकारी रामहरि शर्मा, प्रहरी नायव उपरीक्षक सिद्धराज न्यौपाने, आशा परियोजनाका प्रमुख असोक बर्तौला, जिल्ला वन कार्यालय र कृषि विकास कार्यालयका अधिकारीहरुका साथै पत्रकारहरुको सहभागिता थियो ।



मध्यान्ह
www.madhyanhadaily.com
३ चैत २०७८, बिहीबार
17 March 2022, Thursday

## सम्पादकीय

# संविधानले नरोकेको विकृति

गएको २८ मंसिरदेखि चलेको प्रतिनिधिसभाको दशौं अधिवेशन मंगलबार राति अन्त्य भएको छ । सरकारको सिफारिसमा राष्ट्रपति विद्यादेवी भण्डारीले मंगलबार मध्यरातबाट संघीय संसद अधिवेशन अन्त्य गरेकी हुन् । समय अवधिका हिसाबले प्रतिनिधिसभाको हिउँदे अधिवेशन तीन महिना बढी चल्यो । तत्कालीन नेपाल कम्युनिष्ट पार्टी (नेकपा) भित्रको आन्तरिक कलहकै कारण २०७६ को हिउँदे अधिवेशनदेखि संसद बैठक यति लामो समय चल्न सकेको थिएन । तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले अधिवेशन ढिलो बोलाउने, तर हठात् अन्त्य गर्दै आएका थिए । हिउँदे अधिवेशन आह्वान नगरी ५ पुस २०७७ मा ओलीले प्रतिनिधिसभाको असंवैधानिक विघटन गर्ने निर्णय गरे । तर सर्वोच्च अदालतले ११ फागुन २०७७ मा विघटित प्रतिनिधिसभा पुनर्स्थापना गरे ।

पुनर्स्थापित प्रतिनिधिसभा राम्रोसँग चल्न सकेन । प्रधानमन्त्री ओलीले तत्कालै अधिवेशन अन्त्य गरिदिए । वर्षे अधिवेशन आह्वान नगरी २७ वैशाख २०७८ मा ओलीले विशेष अधिवेशन बोलाए । विश्वासको मत नपाएपछि फेरि अधिवेशन अन्त्य गरे । गएको ७ जेठमा ओलीले दोस्रोपटक प्रतिनिधिसभा विघटन गरे । तर २८ असारमा प्रतिनिधिसभा पुनर्स्थापना भएपनि ३० साउनमै अधिवेशन अन्त्य गरियो । २३ भदौमा बोलाइएको अधिवेशन ११ कात्तिकमा अन्त्य भयो । यसपटक भने तीन महिना बढी संसद् बैठक सञ्चालन भयो । तर विपक्षी दल नेकपा एमालेको अवरोधका कारणले संसद प्रभावकारी हुन सकेन । एमालेले सभामुख अग्निप्रसाद सापकोटाको राजीनामा वा माधवकुमार नेपाल सहित १४ सांसद पदमुक्त नभएसम्म संसद गतिरोध कायमै राख्ने अडान लिएको छ ।

माथि उल्लेख भएको बृतान्तले २०७२ को संविधानअनुसार पहिलोपटक बनेको संसद प्रभावकारी हुन सकिरहेको प्रष्ट पार्छ । राजनीतिक स्वार्थकै कारण जनप्रतिनिधिमुलक संस्था निष्प्रभावी बन्न पुगेको छ । जबकी वर्तमान संविधानले बलियो र सशक्त संसद निर्माणकै निम्ति कतिपय सर्तयुक्त प्रावधान राखेको छ । थ्रेसहोल्ड, संसद विघटन, सरकार गठन लगायत प्रावधानर संसद प्रभावकारी बनाउनकै निम्ति संविधानमा राखिएको थियो । तर राजनीतिक शक्ति सन्तुलन बिग्रिएर गएपछि नेताहरूको स्वार्थगत अडानकै कारण संघीय संसदसँगै प्रदेशसभाहरू समेत प्रभावित बन्न पुगेको छ । जबकी बितेको वर्षहरू विश्वव्यापी कोरोना महामारीका कारण नागरिक जीवनरक्षा सवैभन्दा चर्को विषय बन्न पुगेको थियो । कोरोनाकै कारण अर्थतन्त्र बिथोलिन पुगेको छ ।

# नेपालमा जनवादी क्रान्ति

**नयाँ जनवादी अर्थतन्त्र मूलरूपमा पुँजीवादी अर्थतन्त्र नै भए पनि यो 'नयाँ' हुनुको मूल कारण यसको वैज्ञानिक समाजवाद उन्मुख चरित्र नै हो । वर्तमान युगमा उत्पीडित राष्ट्रहरूमा स्वतन्त्र रूपले पुरानो प्रकारको पुँजीवादको विकासको सम्भावना छैन ।**

*अग्रलेख*



● हस्तबहादुर केसी



नेपाल आजसम्म पनि अर्धसामन्ती र नवउपनिवेशी अवस्थामै रहँदै आएको छ । त्यसको अर्थ हो यहाँ एकातिर विशाल ग्रामीण भूभागमा सामन्ती प्रकारको आर्थिक सम्बन्ध कायमै छ भने अर्कोतिर सहरी क्षेत्रहरूमा दलाल तथा नोकरशाही पुँजीवादको बोलवाला छ । त्यसैले नेपालका गाउँले किसान तथा सहरिया मजदुरहरू एकै साथ दलाल तथा नोकरशाही पुँजीवाद र सामन्तवादबाट शोषित तथा उत्पीडित छन् । विशाल संख्यामा रहेको शोषित र उत्पीडित जनसमुदायलाई पूर्णरूपले मुक्त गरि उनीहरूलाई सम्पन्नता र विकासको बाटोमा अगाडि बढाउन नेपालमा हाल कायम रहेको दलाल तथा नोकरशाही पुँजीवाद र सामन्तवादी वर्गको राज्यसत्ता अन्त्य गरि त्यसको सट्टामा नयाँ जनवादी राज्यसत्ता कायम गरिनुपर्छ भन्ने नेपालका क्रान्तिकारी कम्युनिस्टहरूको नीति र कार्यक्रम रहँदै आएको छ ।

तर, यहाँ केही कम्युनिस्ट आवरणका कम्युनिस्ट पार्टीहरूले र उत्तर मार्क्सवादी, नवमार्क्सवादीहरूले राजतन्त्रको अन्त्य गरि लोकतान्त्रिक गणतन्त्रको स्थापनासँगै नयाँ जनवादी क्रान्ति भइसक्यो, अब समाजवादी क्रान्ति गर्ने हो भन्ने बकवास गरेर नेपाली जनतामाथि भ्रम सिर्जना गरिरहेका छ । वास्तविकता के हो त ? नेपालमा नयाँ जनवादी क्रान्ति सम्भव छ कि छैन ? नयाँ जनवाद अर्थतन्त्रको स्वरूप कस्तो हुन्छ ? त्यसको निर्माण कसरी गरिन्छ ? नेपालमा त्यो सम्भव छ कि छैन ? आदि विषयमा आमजनताको जिज्ञासा रहनु स्वाभाविक छ । यो लेखमा यिनै केही विषयहरूबारे प्रकाश पार्ने कोसिस गरिएको छ ।

### नयाँ जनवादको आर्थिक नीति

नयाँ जनवाद भनेको सामन्तवाद र दलाल तथा नोकरशाही पुँजीवादको अन्त्य गरि सर्वहारा वर्गको नेतृत्वमा र मजदुर - किसान एकताका आधारमा निर्माण गरिने नयाँ प्रकारको पुँजीवाद हो । यसलाई नयाँ भन्नुको अर्थ यो हो कि पुँजीवादमा मात्र सिमित नरही वैज्ञानिक समाजवादतिर उन्मुख हुने पुँजीवाद हो, त्यस अवस्थामा राष्ट्रिय पुँजीपतिवर्ग र धनी किसान वर्गसम्म अटाउँछन् । त्यसैले नयाँ जनवादी अर्थतन्त्रमा सामन्तवादको अन्त्य हुनुको साथसाथै पुरानो प्रकारको पुँजीवादको एकाधिकारवादी र असमान तथा विषम विकासको प्रबृत्तिमाथि नियन्त्रण गरि वैज्ञानिक समाजवादमा रूपान्तरण हुने प्रक्रिया समाविष्ट हुन्छ । अर्थात् यो सर्वहारा वर्गको नेतृत्वमा वैज्ञानिक समाजवाद हुँदै साम्यवादसम्म पुग्ने लामो आर्थिक - सामाजिक प्रक्रियाको प्रारम्भिक चरण हो र नयाँ जनवादका सबै आर्थिक नीतिहरू त्यसै दिशातिर परिलक्षित हुन्छन् ।

### सामन्तवादको अन्त्य

नेपाली अर्थतन्त्र अहिलेसम्म कृषि प्रधान छ र कृषिमा सामन्ती श्रम- सम्बन्ध नै मूल रूपमा विद्यमान छ । हुन त आफ्नो स्वामित्वको जमिन आफै जोत्ने भूस्वामी जोताहाहरूको संख्या देशभरमा अत्यधिक छ र पहाड र हिमाली भेगमा त्यो धेरै हदसम्म सत्य पनि हो, तैपनि खासगरी तराई र भित्री मधेसमा ठूलो मात्रामा तथा पहाडमा पनि उल्लेख्य मात्रामा जमिनमाथि सामन्ती स्वामित्व कायमै छ । ठूला जमिन्दारका नाममा, हिजोका राजा रजौटाहरू, शाह सामन्तहरू, राणा परिवारहरू, गुठीका नाममा, मठमन्दिरका नाममा, मौजावालहरूका नाममा, पुराना दरवारका भाई भारदारहरूका नाममा, विभिन्न सरकारी तथा गैर सरकारी संघसंस्थाहरूका नाममा अहिले पनि लाखौं-करोडौं विघा जमिन रहेको छ । नयाँ जनवादी क्रान्तिले उनीहरूको जमिन जफत गरेर भूमिहिन किसानहरूलाई वितरण गरिन्छ । जमिन जोत्नेको नाममा कायम गरिन्छ । कृषिमा औद्योगिक क्रान्ति गरिन्छ । किसानहरूलाई जमिनको मालिक बनाइन्छ । त्यसैले सबै प्रकारका सामन्ती सम्बन्धहरूको अन्त्य गर्नु नयाँ जनवादी अर्थतन्त्रको मूल नीति हो । ठोस रूपमा भन्नुपर्दा सामन्तहरूको (माथि उल्लेखित व्यक्तिहरूको नाममा रहेको) जमिन खोसेर बिना मुआब्जा भूमिहिन तथा गरिब किसानहरूमा वितरण गर्नु अर्थात् जमिनमाथि 'जसको जोत उसको पोत' लागु गर्नु नयाँ जनवादको आधारभूत अर्थनीति हो । त्यसरी नै किसानहरूलाई सम्पूर्ण रूपले ऋणमुक्त गर्नु, उत्पादनका साधन र आफ्नो श्रममाथि किसानहरूको पूर्ण स्वामित्व कायम गर्नु र सबै प्रकारका गैर-आर्थिक दबाबको अन्त्य गरि किसानहरूलाई पूर्णरूपले स्वतन्त्र बनाउनु नयाँ जनवादको अर्थनीति हो । साथै गरिब, साना तथा मध्यम किसानहरूलाई आघात नपर्ने गरि धनी किसानहरूको संरक्षण गर्ने नीति पनि नयाँ जनवादमा हुनेछ । समग्रमा भन्नुपर्दा नयाँ जनवाद भनेको उत्पादनको साधनमाथि व्यक्तिगत स्वामित्व कायम रहेको तर सामन्ती शोषणको अन्त्य भएको नयाँ प्रकारका पुँजीवादी अर्थव्यवस्था हो ।

> विशाल संख्यामा रहेको शोषित र उत्पीडित समुदायलाई पूर्णरूपले मुक्त गरि उनीहरूलाई सम्पन्नता र विकासको बाटोमा अगाडि बढाउन नेपालमा हाल कायम रहेको दलाल तथा नोकरशाही पुँजीवाद र सामन्तवादी वर्गको राज्यसत्ता अन्त्य गरि त्यसको सट्टामा नयाँ जनवादी राज्यसत्ता कायम गरिनुपर्छ भन्ने नेपालका क्रान्तिकारी कम्युनिस्टहरूको नीति र कार्यक्रम रहँदै आएको छ ।

### राष्ट्रिय अर्थतन्त्रको विकास

खासगरी हाम्रो देश नेपाल सुगौली (सन् १८१६) पछि तत्कालीन बृटिश भारतको अर्थउपनिवेश र सन १९४७ पछि मूलरूपमा भारतीय विस्तारवादको अर्थउपनिवेशको रूपमा कायम रहँदै आएकोले यहाँ राष्ट्रिय पुँजीको सञ्चय र विकासको प्रक्रिया अवरूद्ध हुँदै आएको छ र त्यसको सट्टामा यहाँ स्वदेशी सामन्तवाद, विदेशी साम्राज्यवाद र विस्तारवादको ठिमाहा सन्तानको रूपमा दलाल तथा नोकरशाही पुंजीवादको विकास भएको छ । सामान्यतया: विदेशी एकाधिकारको पुँजीको अंग वा एजेन्टको रूपमा काम गर्ने, आर्जित मुनाफाको अत्याधिक अंश विदेशतिरै फर्काउने तर, राज्यसँग नजोडिएको पुँजीलाई दलाल पुँजी भनिन्छ । त्यस्तै विदेशी एकाधिकारपुँजी र घरेलु सामन्तवादसँग जोडिएको प्रयास राज्यसत्ताको आड लिएको र अधिकांशत: वित्तीय पुँजीको रूपमा रहेको पुँजीलाई नोकरशाही पुँजी भन्ने गरिन्छ । र, यी दुबै पुँजीको जरा विदेशी एकाधिकार पुँजीमा हुने गरेको, दुबैको चरित्र एकाधिकारवादी भएको, उत्पीडित राष्ट्रहरूमा दुबैले प्रत्येक्ष वा परोक्ष रूपमा राज्यसत्ताको आड लिने गरेको, दुबै पुँजी अधिकांस गैर-उत्पादनशील क्षेत्रमा लाग्ने फलस्वरूप राष्ट्रिय औद्योगिक पुँजीको विकासको निम्ति बाधक बन्न गएको र दुबैको चरित्र प्रतिगामी प्रकारको हुने गरेकोले यिनीहरूलाई फरक फरक रूपमा भन्दा एउटा नोकरशाही पुँजीको रूपमा विश्लेषण र गणना गर्नु उपयुक्त देखिन्छ । त्यसैले नयाँ जनवादी अर्थनीतिको एउटा प्रमुख आधार दलाल तथा नोकरशाही पुँजीवादलाई पूर्णरूपले जफत गरेर राष्ट्रियकरण गर्ने र राष्ट्रिय औद्योगिक पुँजीको विकास गर्नु हुनेछ । त्यसअन्तर्गत देशलाई विदेशी ऋणबाट मुक्त गर्ने, विदेशी बैंकमा थुपारिएको पुँजी स्वदेश फिर्ता गरि राष्ट्रियकरण गर्ने, व्यापारिक र वित्तीय क्षेत्रमा रूमल्लिएको पुँजीलाई औद्योगिक क्षेत्रमा प्रवाहित गर्ने, स्वदेशी कच्चा पदार्थ र बजारमा आधारित उद्योगलाई प्रश्रय दिने, साना तथा घरेलु उद्योगहरूलाई विशेष सुविधा, सहुलियत र संरक्षण दिने आदि नीति लागु हुनेछन् । सार्वजनिक जीवनमा असर गर्ने तथा अर्थतन्त्रका आधारभूत उद्योग र व्यापार तथा विदेश व्यापार राज्यबाट सञ्चालित र नियन्त्रित हुनेछन् ।

### आत्मनिर्भर अर्थतन्त्रको विकास

